## मिति २०७८/०२/११ गतेको १०९ औ कार्यपालिका बैठकका निर्णयहरु

१. यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वियन अवस्था बारे बैठकलाई जानकारी गरियो । कार्यान्वय हुन बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने ।

२. नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागी नगरपालिकाबाट हाल कार्यालय रहेको प्रशासनिक भवन रहेको स्थान र स्काउट रहेको क्षेत्र र सुवेदी चिया पसलको पश्चिम तर्फको जग्गालाई आधार मानी तयार गरिएको डि पि आर बमोजिम संघिय सरकारबाट क्रमागत आयोजनाका रुपमा चालू आर्थिक वर्ष २०७७।७८ मा समेत रु १८ लाख रकम निकासा भईसकेको अवस्थामा देहायको व्यवस्था गरी भवन निर्माणको प्रक्रिया अगाडी बढाउने ।

देहाय

(क) स्काउट भवन र उत्तर तर्फको बाल मन्दिरले प्रयोग गर्दै आएको स्थानमा तत्काल भवन निर्माण कार्य सुरु गर्ने ।

(ख) स्काउटलाई अन्यत्र जग्गा व्यवस्था गरिदिन स्काउटले हाल प्रयोग गरिरहेकै क्षेत्रफल बराबरको नयाँ भवन निर्माण गरिदिन वा वहालमा भवन उपलब्ध गराईदिन आवश्यक व्यवस्थापन गर्ने वा हाल प्रयोग गरिरहेको कोठा बराबर नगरपालिकाले आफ्नो भवनमा कार्यकक्ष उपलब्ध गराउने ।

(ग) बाल मन्दिर विद्यालयलाई वडा भित्रका अन्य विद्यालयमा मर्ज गर्ने प्रक्रिया अगाडी बढाई भविष्यमा विद्यालयले प्रयोग गर्दै आएको जग्गा समेतलाई नगरपालिका परिषरमा समावेश गर्ने ।

(घ) डि पि आर बमोजिमको रकमको वहुवर्षिय बोलपत्र आह्वान गरी नपुग रकम संघिय सरकार सँग माग गर्ने ।

३. वीरेन्द्रनगर नगरपालिका वडा न. ९ मा स्थापना गरिने लाटीकोईली अस्पतालको SDC ईन्जिनियनिङ काठमाण्डौं मार्फत तयार गरेको डि पी आरका सम्बन्धमा आजको बैठकमा छलफल गरियो । बैठकमा प्राप्त सुझावहरु सहित संशोधन गरि डि पि आर स्वीकृत गर्दै ईस्टिमेट बमोजिमको रकमको बहुवर्षिय बोलपत्र आह्वान गरी आयोजनाको कार्य अघि बढाउने साथै नपुग रकम संघीय सरकार समक्ष माग गर्ने ।

४. (क) कोरोना भाइरस (कोभिड १९) को रोकथाम नियन्त्रण र उपचार सम्बन्धमा हाल सम्म भएको प्रगति र भएको खर्च बैठकमा जानकारी गरियो ।

(ख) यस नगरपालिकाको लाटकोईली स्वास्थ्य चौकीमा चिकित्सक र ल्याब समेत संचालन हुँदै आएकोमा हाल यस स्वास्थ्य चौकीले कोभिड व्यवस्थापन समेतको कार्य गरिरहेकोमा आवश्यक पर्ने न्युनतम सामाग्री स्वास्थ्य चौकीलाई उपलब्ध गराउने ।

(ग) कोरोना व्यवस्थापनका लागि आगामी दिनमा Lab Extraction Kit,Bed,Oxygen Plant,Patient Monitor,Antigen test, लगायतका सामाग्री व्यवस्थापन गर्न कोरोना संक्रमण नियन्त्रण तथा रोकथाम कोषमा विनियोजित रकमले नपूग हुने भएको हुँदा रु. १ करोड ६ लाख रकम दातृ निकाय, सहयोगी व्यक्ती वा संस्था सँग समन्वयका लागि पहल गर्ने । दातृ निकायबाट प्राप्त भएको रकम र नपुग हुने रकम नगरपालिकाको अन्य शिर्षकबाट रकमान्तर गरि कोषमा थप गर्ने ।

(घ) सिजि फाउन्डेसनको ५० प्रतिशत लागत साझेदारीमा यस नगरपालिकाको कोभिड अस्पतालमा अक्सिजन प्लान्ट जडान गर्न यस नगरपालिका र फाउन्डेसन बिच सम्झौता भई प्रकृया अगाडि बढेको हुँदा सो कार्यको लागि प्रदेश सरकार र अन्य संघ संस्था सँग अनुरोध गरिएकोमा अन्त्रयबाट रकम प्राप्त भै नसकेको अवस्थामा उल्लिखत कार्य जतिसक्यो छिटो सम्पन्न गर्नु पर्ने भएकाले वाह्य सहयोग उपलब्ध भएमा सो रकमलाई नगरपालिकाको कोषमा सोधभर्ना गर्ने गरी नगरपालिको कोरोना संक्रमण नियन्त्रण तथा रोकथाम कोषबाट कोभिड १९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ को दफा २६ बमोजिम सोझै खरिद हुने गरी नगरपालिकाको तर्फबाट व्यहोर्नुपर्ने रकम मध्ये हाललाई रु.५० लाख फाउन्डेसनलाई उपलब्ध गराउने । साथै अक्सिजन प्लान्ट स्थापना भए पश्चात बाँकी रकम फाउन्डेसनलाई भुक्तानी गर्ने ।

५. यस नगरकार्यपालिकाको कार्यालयबाट आगामी आर्थिक वर्ष २०७८।७९ का लागी बजेट,योजना तर्जुमाका लागि वडा र शाखामा योजना तथा कार्यक्रम को प्रस्ताव पेश गर्न पत्राचार गरिएको सन्त्रदर्भमा कोरोना भाइरस (कोभिड १९) लाई मध्यनजर गर्दै बस्ती स्तरको माग सकलन परिस्थिति अनुसारको विधि प्रयोग गरि योजना तथा कार्यक्रमको प्रस्ताव जेष्ठ १८ गते सम्म पठाउने ।

Scanned with CamScanner

६. यस नगर क्षेत्र भित्र देहायका स्थानमा सार्वजनिक शौचालयको संचालन तथा व्यवस्थापन गर्ने गरी यि निकायले सहकार्य गरिदिन अनुरोध गरेको सन्दर्भमा शौचालयको प्रयोग सार्वजनिक रुपमा हुने सुनिशिचत गर्दै सोको संचालन तथा ब्यवस्थापन प्रस्तावकबाट हुने गरी शौचालय निर्माणमा आवश्यक रकम चालु आर्थिक वर्ष २०७७।७८ को वातावरण विपद क्षेत्र अन्तगतको सहरी सौन्दर्य शिर्षक र फोहरमैला सेवा शुल्क सफ्टवेयर निर्माण शिर्षकमा विनियोजित रकमबाट शिर्षक परिवर्तन गरि देहायको रकम सहकार्य गर्ने ।

**निम्न**

(क) कपासे ब्यारेक रु ४ लाख

(ख) शिक्षा क्यापस सुर्खेत रु ४ लाख

७. कोरोना भाइरस (कोभिड १९) का कारणबाट सिटि बसपार्क संचालन नभएको कारण देखाई सो अवधिको भाडा मिनाहाका लागी पि आर कन्सट्रक्सनले यस नगरपालिकामा अनुरोध गरेको सन्त्रदर्भमा स्थानीय प्रशासन द्धारा सुर्खेतमा निषेधाज्ञा जारी गरेको अवधिभर बसपार्कमा व्यवसाय संचालन गर्ने व्यवसायीहरु समेतले पसल कबलको मासिक बहाल नबुझाउने सर्तमा व्यवस्थापकलाई यस अवधिको भाडा मिनाहा गर्ने ।

८. यस नगरपालिकाको नदिजन्य पदार्थ उत्खखन,बिक्रि,वितरण तथा निकाशी कार्यको लागि रोयल विल्डर्स सँग गरिएको ठेक्का सम्झौता नं. (BM/077/78/Revenue/01) अनुसार ११ हजार घन मिटर उत्खखन गर्न बाँकी परिमाण जेष्ठ मसान्त भित्र निकासी ढुवानी गर्न अनुमती प्रदान गर्नका लागी आवश्यक सहजिकरणका गरिदिनहुन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

९. (क) यस नगरपालिकाको लागि संगठन संरचना तथा दरबन्दी तय गर्न कार्यका लागि गठित अध्ययन भ्रमण टोलीको प्रतिवेदन आजको बैठकमा पेश भई छलफल भयो ।

(ख) यस नगरपालिका कर्णाली प्रदेशको राजधानीका रुपमा रहनुका साथै यहाँको सेवा प्रवाह, बढ्दो शहरीकरण, देशका अन्य उपमहानगरपालिका सरह सेवा प्रवाह गर्दै आएको सन्दर्भमा उपमहानगरपालिकाहरुको संगठन संरचना, नगरपालिकाका लागी विज्ञ समूह द्धारा तयार गरिएको प्रतिवेदन र नगरपालिकाको वर्तमान कर्मचारी दरबन्दी, जनशक्तिको अवस्था, सेवा प्रवाह लगायतका विषयलाई आधार मानी यस नगरपालिकाका लागि संगठन संरचना तथा दरबन्दी सम्बन्धि प्रस्ताव आगामी सभामा पेश गर्न गरी कार्यपालिका समक्ष पेश गर्न सार्वजनिक सेवा तथा संस्थागत क्षमता विकास समितीलाई सैद्धान्तिक सहमती प्रदान गर्ने ।

(ग) यसै सन्दर्भमा सातौ नगरसभा द्धारा स्वीकृत कर्मचारी सेवा ऐन २०७७ मा प्रदेश लोक सेवा आयोगबाट हुने पदपुर्ति सम्बन्धीका कार्यहरु बाहेकका अन्य प्रावधानहरुलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देश गर्ने ।

१०. यस नगरपालिकाका र वातावरण विभाग बिच खुला मन्चमा खुला पार्क बनाउने सम्बन्धी भएको सम्झौता बमोजिमको कार्य बोलपत्र आह्वान गरी समयमै कार्य सम्पन्न गर्न कठिन भएकाले सो पार्कका लागि प्रस्तावित डि पि आर बमोजिमका कार्य वडा न. ६, ७ र ८ बासीको प्रतिनिधित्न रहने गरी उपभोक्ता समिति गठन गरी कार्य अघि बढाउने ।

११. यस नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरु नगरपालिकाको कोभिड व्यवस्थापनमा अहोरात्र खटिरहनुभएको सन्दर्भमा यसको उच्च जोखिमलाई ध्यान दिदै नगरपालिकाको सेवाप्रवाह र कोभिड व्यवस्थापनका क्रममा कोभिडका कारण कुनै पदाधिकारी वा कर्मचारीको मृत्यु भएमा मृतकका परिवारलाई नगरपालिकाको तर्फबाट रु ५ लाख रकम राहत प्रदान गर्ने ।

१२. वीरेन्द्रनगर नगरपालिका वडा न ३ स्थित बौद्ध चोक पतेनी रोड जैपुर सडक खण्डको सेन्टरबाट दायाँ र बायाँ १०/१० मिटर लगत कट्टा गरिएकोमा सो सडकको सतह ढल निर्माण गर्दा सेन्टरबाट ८/८ मिटर दायाँ बायाँमा भित्र नै पर्ने गरी निर्माण गर्ने र बाँकी फूटपात १ मिटर सेडब्याक १ मिटर गरी जम्मा २० मिटर मै घर निर्माणको लागि उक्त सडक क्षेत्र पर्ने टोलबासिको भेला सहित वडा समितिको सिफारिस निर्णय भई आएकोले सो बमोजिम अनुमति प्रदान गर्ने।

१३. यस नगरपालिकाका तपसिलका शाखा तथा वडा समितीहरुले चालु आर्थिक वर्ष २०७७।७८ का लागि स्वीकृत देहायका आयोजना तथा कार्यक्रमहरुको कोरोना भाइरस (कोभिड १९) लगायत विविध कारण बाट चालू आर्थिक वर्षमा संचालन गर्न नसक्ने कारण देखाई निम्मानुसार योजना तथा कार्यक्रम विषयगत क्षेत्र परिवर्तन गरि गर्न पेश भएको सन्दर्भमा शाखा तथा वडा समितीको निर्णयानुसार आयोजना तथा कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्न कार्यालयलाई जिम्मेवारी दिने ।

Scanned with CamScanner

## (क) शाखागत आयोजनाहरु

| क्र स | सभाबाट स्वीकृत आयोजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| | **पशु शाखा अन्तर्गत** | | | |
| १ | कुखुरा पालन ३ दिने तालिम | ८० हजार | लागत सहभागीतामा विद्युतिय च्यापकटर वितरण | २ लाख २० हजार |
| २ | बंगुर पालन ३ दिने तालिम | ८० हजार | | |
| ३ | कृत्रिम गर्भाधान तालिम | ४० हजार | | |
| ४ | प्रयोगशाला प्रविधि तालिम | २० हजार | | |
| ५ | पशु संकलन केन्द्र बधशाला | १५ हजार | लागत सहभागीतामा गौम्याट खरिद | १ लाख ३१।५ हजार |
| ६ | जुनेटिक रोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २० हजार | | |
| ७ | कुखुरापालन तालिम | ५० हजार | | |
| ८ | नमुना संकलन तथा प्रेषण | १५ हजार | | |
| ९ | माछाका भुरा ढुवानीमा अनुदान | ३१।५ हजार | | |
| | **कृषि शाखा अन्तर्गत** | | | |
| १ | बिउ उत्पादन समूह सहकारीलाई क्षमता विकास तालिम | १ लाख ७० हजार | ५० % अनुदानमा जैविक मल वितरण | २ लाख ५० हजार |
| २ | ५० % अनुदानमा कृषि चुन वितरण | १ लाख | | |
| ३ | मागमा आधारित विपन्न दलित लक्षित कार्यक्रम | ३ लाख | पावर टेलरमा ५०% अनुदान | २ लाख ५० हजार |
| ४ | फलफुल बिरुवामा ५०% अनुदान | ३ लाख | मिनि टेलरमा ५०% अनुदान | २ लाख ५० हजार |
| ५ | बगैचा तथा नर्सरी व्यवस्थापन | ५ लाख | १० % अनुदानमा कागती बिरुवा वितरण | २ लाख ५० हजार |
| | | | ५० % अनुदानमा प्लास्टिक र इन्सेक्ट नेट वितरण | २ लाख ५० हजार |
| ६ | संकलन केन्द्र हाट बजार सिचाई कुलो निर्माण | ५ लाख | ५० % अनुदानमा टनेट निर्माण | ५ लाख |

Scanned with CamScanner

## (ख) वडागत आयोजनाहरु

| क्र स | सभाबाट स्वीकृत आयोजना | रकम | संशोधित योजना | रकम |
|---|---|---|---|---|
| | | | **वडा न २ अन्तर्गत** | |
| १ | विपन्न वर्गका लागी सीप विकास तालिम | ४ लाख | कोलडाँडा कुंडो थेसिङ उद्योग | १२८४७५। |
| | | | सिर्जनशील चाउमिन उद्योग | १६९६५०। |
| | | | कर्णाली ससेज उद्योग | १०१८७५। |
| २ | कृषि सामग्री खरीद | ३ लाख | कर्णाली ससेज उद्योग | २०१७४५। |
| | | | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण | १९८२५५। |
| ३ | खानेपानी प्रर्वद्धन | ४ लाख | सानो वुलवुले सिचाई योजना | ३७२४११। |
| | | | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण | २७५८९। |
| ४ | लक्षित वर्ग कार्यक्रम | ४ लाख | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण | ३०१९१६। |
| ५ | वैठकक तालिम गोष्ठी | ४ लाख | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण | २०००००। |
| ६ | विद्युत व्यवस्थापन | २ लाख | ह्यूम पाइप खरीद | २०००००। |
| ७ | फोहोरमैला व्यवस्थापन तर्फ | १ लाख | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण | ८१८००। |
| ८ | दैनिक भ्रमण खर्च | २ लाख | मुख्यमन्त्री रोजगार कार्यक्रम पक्की नाला निमार्ण (मुख्य मन्त्री रोजगार कार्यक्रमको लागी जम्मा रकम ७५९५६०) | ५०,०००। |
| | | | **वडा न ३ अन्तर्गत** | |
| | सुशासन तथा संस्थागत विकास अन्तर्गत कच्चि नाला निर्माणका लागि ईन्धन शिर्षक | १५८२३८। | पूर्वाधार अन्तर्गत कच्चि नाला निर्माणका लागि ईन्धन खर्च | १५८२३८। |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | **वडा न ६ अन्तर्गत** | | |
| १ | स्रोतमै फोहर न्यूनिकरणका लागि कम्पोष्ट वितरण कार्यक्रम | ४ लाख | पेमा रोकायको घर देखी लिलाराम आचार्यको घर सम्म कालो पत्रे मंगल टोल विकास संस्था | ८ लाख |
| | फोहर मैला सम्बन्धी सफ्टवेयर निर्माण तथा कर्मचारीका लागी तालिम | ४ लाख | | |
| २ | खोर्केखोला तथा खारखोलिमा बाँकी रहेका भु भागमा तटबन्धन | ३ लाख | मुख्यमन्त्री कार्यक्रममा सह लगानी | ३ लाख |
| ३ | फोहरमैला व्यवस्थापन तर्फ सेवा प्रदायक संस्था सहकार्य /ढल निकास | २६ लाख | खोर्के खोला लाईन स्याप निर्माण /सार्वजनिक शोचालय मर्मत/ भनुपार्कमा झन्डा र ब्लक राख्ने कार्य | ८ लाख ७२ हजार |
| ४ | यूवाका लागि हाउस वाईरिङ तथा पलम्बर तालिम | १ लाख | राम मन्दिरमा बगेचा तथा खानेपानी /लाईटिङ | १ लाख |
| ५ | वडा स्थित सम्पुर्ण धार्मिक क्षेत्रहरुको प्रवर्धानात्मक कार्यक्रम | २ लाख | सुर्खेत कामदार संघको भवन छाना मर्मत | ४२,७०६। |
| | | **वडा न ७ अन्तर्गत** | | |
| १ | मिना काफ्लेको घर देखी पदम ब बस्नेतको घर सम्म सडक कालो पत्रे | ६३५२४०।८ | स्वास्थ्य शिविर लायन्स क्लब | ५२२६२ |
| २ | श्रीधर पौडेलको घर देखी उत्तर भानू मार्ग सडक नाला निर्माण | ७१०४०१।६८ | जेष्ठ नागरिक संस्थागत विकास | ९९८४६ |
| | | | कार्यालय सामाग्री खरिद | १२५६५६ |
| | | | प्रहरि बिट निर्माण | १९९९० |
| | | | फुलबारी टोल सिचाई | ४७५९० |
| | | | सगरमाथा महिला झोला बुनाई तालिम | १४४००० |
| | | | फुलबारी महिला दुना टपरी कार्यक्रम | २६६६०० |
| | | | सुत्केरी महिला कोशेली वितरण | ४०००० |
| | | | नाला सरसफाई तथा मर्मत | ८२७०० |
| | | | महिला स्वास्थ्य स्वयंसेविका | ९९९६७ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| वडा न ११ अन्तर्गत | | | | |
| १ | गाग्रेताल चोक रत्नराजमार्ग सडक स्तरोन्नतीको टेण्डर भई ठेक्कावाट वँचेको रकम | ७ लाख | वस्तिपुर टोलमा प्रधानमन्त्री रोजगार कार्यक्रममा वस्तिपुर सेतो पुलदेखि नेवारे खोला तर्फ कृष्ण पौडेलको खेत सम्म वाटो निर्माण तथा तटवन्ध | ७ लाख |
| २ | गाग्रेताल रत्नराजमार्ग सडक स्तरोन्नती ठेक्का नं. २३ | रु. १३९५२८५।- | उपभोक्ता समिति मार्फत सडक स्तरोन्नती | रु. १३९५२८५।- |
| ३ | पूर्वाधार विकास तर्फ -अमृतडाँडा सिंचाईका लागि आकाशेपानी अधुरो ट्यांकी निर्माण | २५०,०००।- | डिपवोरिङ्गका लागि माटो परिक्षण वापत ढोलढुङ्गा र चौखेढुङ्गालाई भुक्तानी | १४०,०००।- |
| | | | अन्तर निर्भर समाजलाई भुक्तानी | ७२०००।- |
| | | | अम्विका देवी सामुदायिक वनको फायरलाईन मर्मत | २९०००।- |
| | | | धुलियाविट वाङ्गेखर जानेवाटोमा सल्याप निर्माण | ९०००।- |
| ४ | सुशासन तथा संस्थागत विकास तर्फ-शहरी स्वास्थ्य व्यवस्थापन | ५,००,०००। - | विविध | १३२,०००।- |
| ५ | सुशासन तथा संस्थागत विकास तर्फ- सरसफाइकर्मी पारिश्रमिक | ५६५,००० | | ५०,०००।- |
| ६ | आर्थिक विकास तर्फ-जैविक मल तथा विषादी सम्वन्धी तालिम | १००००० | अन्तर निर्भर समाजलाई भुक्तानी | ५०१००।- |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७ | आर्थिक विकास तर्फ- गाग्रेताल नारा नजिक र ढोलढुङ्गा पुल नजिक जग्गा भाडामा लिई सामूहिक तरकारी खेति ५० प्रतिशत अनुदानमा | २०००००।- | | १३७५१५ |
| ८ | सुशासन तथा संस्थागत विकास तर्फ-मोटरसाईकल खरिद | २९८०००।- | मर्मत सम्भार | ४२०००।- |

Scanned with CamScanner